# गुरुप्रसाद मैनालीको 'परालको आगो' कथाको आख्यानसंरचना

चन्द्रप्रसाद ढकाल[1]

***सार***

***परालको आगो*** *कथाका लेखक गुरुप्रसाद मैनाली (१९५७ - २०२८) हुन् । उनले यस कथामा नेपाली लोक आहानमा प्रचलित 'लोग्नेस्वास्नीको झगडा परालको आगो' भन्ने उखानलाई मुख्य विषयवस्तु बनाएका छन् । यस विषयवस्तुलाई पूर्णता दिनका लागि उनले चामे र गौथली पात्र भएको घटनालाई लिएर कथानकको निर्माण गरेका छन् । आख्यानसंरचनाका विविध पद्धतिहरूमध्ये यस अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका घटकहरू सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम र निष्कर्ष, मूल्याङ्कन र समापन गरी छओटा घटकहरूका आधारमा* ***परालको आगो*** *कथाको विश्लेषण गरिएको छ । यो कथा विश्लेषणका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ ।* ***परालको आगो*** *कथामा आख्यान संरचनाका घटकहरू एकअर्कालाई सहयोग र एकअर्काको सहारा बनेर अगाडि बढेका छन् । जटिलकार्य निर्माणका लागि अभिमुखीकरण, जटिल कार्यबाट परिणाम, कथाको सम्पूर्ण जिज्ञासाको समाधानका लागि समापन र सम्पूर्ण अवयवहरूको केन्द्रीयतामा सारकथनजस्ता संरचक घटकहरू आएका छन् । यी घटकहरूको अन्वितिपूर्ण प्रयोग भएकै कारण* ***परालको आगो*** *आख्यान संरचनाका दृष्टिले उत्कृष्ट कथा हो भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट निकालिएको छ ।* ***परालको आगो*** *कथाको आख्यानसंरचनाको विश्लेषण गरिएको प्रस्तुत अध्ययन आख्यानसंरचनाका आधारमा कथाहरूलाई बुझ्न चाहने पाठक तथा आख्यानसंरचनाका आधारमा विश्लेषण गर्न चाहने समालोचकहरूका लागि उपयोगी सामग्री रहेको छ ।*

***विशिष्टीकृत शब्द*** *: सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम, मूल्याङ्कन, समापन, द्वन्द्व ।*

## अ. विषयपरिचय

गुरुप्रसाद मैनाली (१९५७-२०२८) आधुनिक नेपाली कथाका आरम्भकर्ता हुन् । उनको वि.सं. १९९२ को शारदा पत्रिकामा 'नासो' कथा प्रकाशित भएपछि नेपाली साहित्यमा औपचारिक रूपमा आधुनिक काल भित्रिएको हो । सङ्ख्यात्मक हिसाबले उनका कथाहरू थोरै छन् तर गुणात्मक हिसाबले महत्त्वपूर्ण रहेका छन् । उनका कथाले नेपाली समाजको यथार्थतालाई मात्र प्रस्तुत गरेका छैनन् कि नेपाली साहित्यलाई निश्चित उचाइ दिने कार्य पनि गरेका छन् । मैनालीका जम्मा ११ ओटा कथाहरू रहेका छन् । उनका यी ११ ओटा कथाहरूलाई सङ्कलन गरी वि.सं. २०२० मा प्रकाशित गरिएको पाइन्छ । मैनालीको ***नासो*** कथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये **परालको आगो** एक हो । यस अध्ययनमा **परालको आगो** कथालाई समाख्यानशास्त्रीय आख्यानसंरचनाका आधारमा विश्लेषण गरिएको छ ।

समाख्यानात्मक संरचनाको खोजी गर्ने विद्वान् विलियम ल्याबोभ हुन् । उनले समाख्यानात्मक सङ्कथनको संरचना र त्यसलाई विभाजन गर्ने आधारहरूका बारेमा विशेष रूपले व्याख्या गरेका छन् । प्रस्तुत अध्ययनमा ल्याबोभले प्रस्तुत गरेका सैद्धान्तिक आधारहरूमा रहेर नै गुरुप्रसाद मैनालीको **परालको आगो** कथाको आख्यानसंरचनाको खोजी गरिएको छ ।

**परालको आगो** कथालाई साहित्यशास्त्रका विविध पद्धतिबाट व्याख्या विश्लेषण गरिएको पाइन्छ । उनका कथाहरू पाठक वर्गले पनि औधी रूचाएका छन् । यस्तो रूचिपूर्ण कथा निर्माण हुनुको कारण पनि खोजिनुपर्छ । त्यही कारणको खोजी गर्ने एउटा पद्धति आख्यान संरचना हो । त्यसैले पनि प्रस्तुत अध्ययनमा मैनालीको **परालको आगो** कथामा के कस्तो

---

[1]चन्दप्रसाद ढकाल, त्रिवि, मानविकी तथा समाजशास्त्र सङ्काय उपप्राध्यापक हुनुहुन्छ । उहाँलाई *dhakalchandra33@gmail.com* मा सम्पर्क गर्न सकिन्छ ।

आख्यान संरचना रहेको छ ? भन्ने समस्याको निर्धारण गरिएको छ । यस समस्याको समाधानका लागि गुरुप्रसाद मैनालीको **परालको आगो** कथामा प्रयुक्त आख्यान संरचना पहिचान गर्ने उद्देश्य राखिएको छ ।

### आ. सैद्धान्तिक पर्याधार

संरचावादका प्रणेताका रूपमा सस्युरलाई लिइन्छ । उनले साहित्यिक कृतिलाई वस्तुपरक अध्ययन गरिनुपर्छ भन्ने मान्यता राख्दै संरचनावादी सिद्धान्तको प्रतिपादन गरेका हुन् । उनको यो सिद्धान्तलाई उनीपछिका विभिन्न विद्वान्हरूले अलग-अलग तरिकाले व्याख्या गरेका छन् । संरचनावादका अनेक रूपलाई आफूअनुकूल व्याख्या गरिएको भए पनि नेपाली सन्दर्भमा संरचनावादका समग्र प्रसङ्गहरूलाई एकीकृत गरी प्रस्तुत गर्ने प्रयास गरिएको पाइन्छ । यसै सन्दर्भमा वासुदेव त्रिपाठीले ***पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२*** (२०४९, तस्रो सं.) नामक पुस्तकमा संरचनावादको परिचय दिँदै संरचनावादी विधागत नवस्थापनाअनुरूप आख्यानात्मक संरचनाका परस्पर-निर्भर तीन मुख्य घटकका रूपमा क्रिया (घटना), कर्ता (पात्र-चरित्र) र परिणाम (थिम : समग्रार्थ)-लाई डा. सुरेशकुमारले र अरूले पनि प्रस्तुत गरेको पाइने बताएका छन् । यिनले आख्यानको संरचनाका सम्बन्धमा आफ्नो राय प्रस्तुत गरेका हुन् । त्यसै गरी संरचनावादी समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण अनुसन्धान गर्ने खगेन्द्रप्रसाद लुइटेलले ***कविताको संरचनात्मक विश्लेषण*** (२०६२) शीर्षकको संरचना, संरचनावाद, संरचनावादी समालोचना पद्दति जस्ता नवीनतम सिद्धान्त र मान्यता प्रस्तुत गरेका छन् । उनले यस पुस्तकमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तीनै खाले संरचना भएका कविताको संरचनात्मक प्रारूप तयार पारी त्यसै तथा विभिन्न कोणबाट परिभाषित र वर्गीकृत गरी तिनको स्वरूप, संरचना, संरचनात्मक प्रकार, संरचनात्मक घटकसम्बन्धी सैद्धान्तिक अवधारणाको एकीकृत र प्रामाणिक प्रस्तुत गरेका छन् । उनले कथाको संरचना विश्लेषणका लागि विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यासलाई आधार बनाएका छन् । यसरी नेपाली साहित्यिक कृतिको विश्लेषणका क्रममा पनि संरचनावादी पद्दतिमा समानता रहेको पाइँदैन ।

संरचनावादी समालोचनाका विविध रूपमध्ये समाख्यानशास्त्रीय संरचना एक हो । समाख्यानात्मक आख्यानसंरचनाको बारेमा पनि विभिन्न विद्वान्हरूले आआफ्नो राय प्रकट गरेका छन् । तीमध्ये विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाको सैद्धान्तिक मान्यताअनुरूप यस अध्ययनमा गुरुप्रसाद मैनालीको 'परालको आगो' कथालाई विश्लेषण गरिएको छ । ल्याबोभले आफ्नो पुस्तक ***ल्याङ्ग्वेज इन इनर सिटी*** (ई. १९७२) मा आख्यानको संरचनामा सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम र निष्कर्ष, मूल्याङ्कन र समापन रहने कुरा व्यक्त गरेका छन् । ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका यिनै आधारहरू प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार रहेको छ । उनले प्रस्तुत गरेका संरचक घटकहरूमा निम्नानुसारका कुराहरू रहने उल्लेख गरेका छन् :

**सारकथन** : ल्याबोभका अनुसार सारकथन यस्तो पदावली हो जसले आख्यानले बताउन खोजेको मूल विषयलाई सारका रूपमा कथाभित्र प्रस्तुत गर्दछ । यसमा समाख्याताले एउटा-दुइटा वाक्यमा कथालाई सारांशीकृत गरेको हुन्छ, त्यही सारांशीकृत रूप नै सारकथन हो । यस्तो सारकथन प्रत्यक्ष, अप्रत्यक्ष वा प्रतीकात्मक किसिमको हुन सक्छ ।

**अभिमुखीकरण** : आख्यानको दोस्रो खण्डमा अभिमुखीकरण खण्ड रहेको हुन्छ । यस खण्डले आख्यानमा बीजारोपणको काम गरेको हुन्छ । आख्यानको मूल घटना वा विषयवस्तु आरम्भ हुनुपूर्व त्यसको पृष्ठभूमि निर्माणको काम गर्न समाख्याताले यस्तो अभिमुखीकरणमा समय, स्थान, व्यक्ति, क्रियाकलाप र अन्य पक्षहरू ल्याएको हुन्छ । यस खण्डमा समाख्याताले मूल विषय प्रस्तुत गर्नुपूर्व विविध परिवेशहरू क्रमैसँग व्याख्या गर्दै अगाडि बढ्दछ ।

**जटिलतर कार्य वा घटना** : अभिमुखीकरणभन्दा पछाडिको खण्ड तथा मूल कथाको खण्ड नै जटिलतर कार्य वा घटना हो । यस खण्डका घटनाहरू आउनका लागि यसभन्दा अगाडि आएका सारकथन तथा अभिमुखीकरणले पृष्ठभूमि निर्माणको काम गरिसकेका हुन्छन् । यस खण्डमा आख्यानको मूल समस्या प्रस्तुत भएको हुन्छ । यस खण्डमा विशेष गरी द्वन्द्व, विशेष परिवेश, मानसिक क्रिया, दुर्घटनाजस्ता अनेक किसिमका अवस्थाहरू आउँछन् ।

**परिणाम र निष्कर्ष** : जटिलतर कार्य वा घटनाले कथालाई एउटा निष्कर्षमा पुऱ्याउँछ । यसबाट कथाको मुख्य विषयवस्तु समाप्त हुन्छ । मुख्य विषयको समापन भए पनि कथामा यस्तो केही कुरा भन्न बाँकी रहेको हुन्छ त्यो नै परिणाम हो । अर्को शब्दमा भन्नु पर्दा कथाले चरमोत्कर्ष प्राप्त गरिसके पछि त्यसबाट केही निष्कर्ष वा परिणाम निस्कन्छ । यस्तो परिणाम र निष्कर्षले पनि कथाको पूर्वपर प्रसङ्गलाई जोड्दै आफ्नो निश्चित संरचनाको निर्माण गर्दछ । परिणामको प्रसङ्ग आएपछि कथामा समापन(कोडा) को अवस्था आउँछ । कथालाई निश्चित लक्ष्यमा पुऱ्याई समापनतर्फ धकेल्ने कार्य परिणामले गर्दछ ।

**मूल्याङ्कन** : आख्यानको संरचनाको विश्लेषण गर्ने क्रममा विभिन्न संरचक घटकहरूको चर्चा हुने गरेको पाइन्छ । यस्ता घटकहरूको चर्चा भए पनि संरचनाको विश्लेषण गर्दा समाख्याताले यी कुराहरू किन भनेको हो भन्ने बारेका चर्चा भएको पाइँदैन । यसै अभावको परिपूर्तिको लागि ल्याबोभले कृतिको संरचनाको अध्ययन गर्दा मूल्याङ्कन गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । मूल्याङ्कनमा आख्यान प्रस्तुत गरेर वा आख्यानमा एउटा निश्चित विषय उठाएर लेखकले के पाउँछ त ? किन यही कथानक तथा चरित्र छानेको हो ? यसका लागि पाठक कतिको दक्ष छ ? भन्ने कुराको अध्ययन गरिन्छ । यस खण्डमा घटना, समाधान, अभिमुखीकरण र कोडाको मूल्याङ्कन गरिन्छ ।

**समापन (कोडा)** : आधुनिक आख्यानमा प्रायः कोडाको प्रयोग गरिन्छ । यस्तो समापन अधिकांश ठाउँमा अपूर्ण पक्षका तथा असमापक वाक्यहरूद्वारा गराइन्छ, जसले पाठकलाई स्थान दिन्छ । यसले जटिल कार्यहरूको क्रमबद्धतालाई भङ्ग गर्दै समाख्याता र पाठक दुवैलाई सुरुको स्थानमा पुऱ्याउँदै घटनाहरूको सम्बन्ध समाख्यातासँग नरहेको जानकारी गराउँछ र घटनालाई भित्र छोपेर राख्ने काम गर्छ ।

### इ. सामग्री सङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय पद्धतिद्वारा सामग्रीहरूको सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय गरी दुई स्रोतबाट सामग्रीहरूको सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा गुरुप्रसाद मैनालीको नासो कथासङ्ग्रहभित्रको **परालको आगो** कथा रहेको छ भने द्वितीय सामग्रीका रूपमा यस अध्ययनलाई सहयोग पुऱ्याउने आख्यानसंरचनाका सैद्धान्तिक आधार भएका पुस्तक, **परालको आगो** कथासम्बन्धि गरिएका अध्ययन, लेख रचना आदि रहेका छन् ।

प्रस्तुत अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका सैद्धान्तिक मान्यताका आधारमा गुरुप्रसाद मैनालीको **परालको आगो** कथाको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा निगमनात्मक विधिको प्रयोग गरिएको छ । निगमनात्मक विधिको प्रयोग गरी यस अध्ययनमा 'कर्तव्य' कथामा रहेका तथ्यहरूको व्याख्या, वर्णन तथा विश्लेषण गरिएको छ ।

### ई. आख्यानसंरचनाका दृष्टिमा 'परालको आगो' कथा

प्रस्तुत अध्ययनमा गुरुप्रसाद मैनालीको **परालको आगो** कथालाई आख्यानसंरचनाका संरचक घटकहरूका आधारमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा आख्यानसंरचनाका छ ओटा संरचक घटकहरूलाई आधार बनाइएको छ ।

#### सारकथन

**परालको आगो** कथामा प्रत्यक्ष किसिमको सारकथन प्रस्तुत गरिएको छ । यस कथामा कथाको अन्त्यतिर यस्तो सारकथनलाई प्रस्तुत गरिएको छ । यस कथाको सारकथन लोग्ने स्वास्नीको झगडा परालको आगो सरह हुन्छ भन्ने रहेको छ । 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भन्ने नेपाली लोक आहान पनि हो । यही लोक आहानलाई आधार बनाएर यो कथा तयार पारिएको छ । सारकथनले कथाको सम्पूर्ण विचारलाई समेटेर सारका रूपमा प्रस्तुत

गर्दछ । यस्तो विचार कतै प्रत्यक्ष रूपमा आउँछन् भने कतै प्रतीकात्मक रूपमा आउँछन् । जसरी आए पनि कथाको मूल कथ्य यसै सारकथनका केन्द्रीयतामा घुमेको हुन्छ ।

*चामेलाई देखेर जुठेकी स्वास्नीले यति लामो जिभ्रो झिकेर हाँसेर भनी -"ओहो ! चखेवा चखेवीको जोडा जस्तै अघिअघि दुलही पछिपछि दुलाहा, कति राम्रो स्वाएको !"*

*गौथलीले मुसुक्क हाँसेर भनी -"भो नहाँस दिदी, फेरि कुन दिन कटाक्षे पर्ने हो !"*
*"उस्, चाटाचाट् गर्न पनि त बेर लाग्दो रहेनछ नि, लोग्ने स्वास्नीको झगडा परालको आगो !"*

**परालको आगो** कथामा उल्लिखित कथन सारकथनका रूपमा आएको छ । यो सारकथन **परालको आगो** कथाकी पात्र जुठेकी स्वास्नीका माध्यमबाट प्रस्तुत भएको छ । जुठेकी स्वास्नीका माध्यमबाट भनिए पनि उल्लिखित कथन **परालको आगो** कथाको सार पनि हो । **परालको आगो** कथा ग्रामीण परिवेशमा निर्माण भएको छ । यसमा नेपाली समाजमा विद्यमान तत्कालीन मूल्य मान्यतालाई समावेश गरिएको छ र त्यही मूल्य मान्यताअनुसार लोग्ने स्वास्नीको झगडालाई परालको आगोका रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत कथाले मूलतः नेपाली समाजमा प्रचलित उखान - 'लोग्ने स्वास्नीको झगडा परालको आगो' लाई सार्थक तुल्याउने कोसिस गरेको छ । यस कथाले प्रस्तुत गरेको लक्ष्यलाई यस कथाका सम्पूर्ण पक्षहरूले पुष्टि पनि गरेका छन् । त्यही पुष्टि नै यस कथाको सारका रूपमा आएको छ र त्यो सार- 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भन्ने रहेको छ । यस कथामा एकातिर कथाको सारवस्तु विचार-वाक्य (Thesiss sentence) का रूपमा प्रत्यक्ष रूपमा व्यक्त भएको पाइन्छ भने अर्कातिर यो सारवस्तु प्रसङ्गविषयक (Topical) भएर आएको पाइन्छ (श्रेष्ठ, २०५७) । **परालको आगो** कथाले यस प्रकारको सारकथनलाई प्रत्यक्ष पात्रका माध्यमबाट प्रस्तुत गरेको छ भने त्यही सारकथनको अंशलाई शीर्षकका रूपमा पनि प्रस्तुत गरेको छ ।

**अभिमुखीकरण**

लोग्ने स्वास्नीको झगडालाई परालको आगोका रूपमा चित्रण गर्नु **परालको आगो** कथाको उद्देश्य हो । यस उद्देश्यलाई पुष्टि गर्न प्रस्तुत कथामा चामे र गौथली लोग्ने स्वास्नीलाई उपस्थित गराइएको छ र यी नै दुई पात्रको केन्द्रीयतामा कथानको निर्माण गरिएको छ । यस कथाको क्रमयोजनामा आदि, मध्य र अन्त्यको क्रम रहेको छ । यस कथाको आन्तरिक संरचनाअन्तर्गत अभिमुखीकरणका विभिन्न प्रसङ्गहरू आएका छन् ।

प्रस्तुत कथाको आरम्भमा यस कथाकी पात्र गौथलीको परिचय आएको छ । पात्रको परिचयबाट आरम्भ गरिएको यो कथाले यस पात्रका चारित्रिक प्रभावका कारण कथाले विभिन्न मोडहरू लिने कुराको सङ्केत पनि प्रस्तुत गर्दछ । यस कथाको प्रारम्भमा आएको गौथलीको परिचय लोग्ने स्वास्नीको झगडा गराउने कारकका रूपमा आएको छ ।

*चामेकी स्वास्नी गौथली सारै मुखाले थी । राम्रा मुखले बोल्यो भने पनि बाङ्गा - बाङ्गा कुरा झिकेर निउँ खोज्थी । दुई - चार दिन बिराएर सधैँ लोग्ने स्वास्नीको झगडा हुन्थ्यो (पृ. ४५)* ।

यस कथनले गौथलीको स्वभावलाई मात्र प्रस्तुत गरेको छैन ; यसले त चामे र गौथलीको झगडा हुनुमा गौथलीको स्वभावले पनि भूमिका खेलेको छ भनेर देखाउन खोजेको छ । चामे र गौथलीको झगडा हुनुमा चामेको दोष त छँदै छ तर गौथली पनि कमकी थिइन भनेर देखाउनलाई प्रारम्भमा नै यो कथन ल्याइएको हो । **परालको आगो** कथामा अभिमुखीकरणको खण्ड प्रारम्भदेखि चामेको मनमा एक्लोपनको महसुस भई गौथलीलाई लिन जाने विचार गरेको अवस्थासम्म फैलिएको छ । यो कथामा करिब महिना दिन जतिको समयलाई प्रस्तुत गरिएको छ । यस

कथामा कुन स्थानमा घटना घटेको थियो भन्ने स्थानगत परिचय दिइएको छैन । यस कथामा प्रस्तुत विभिन्न सूचकहरूले यो कथा नेपालको कुनै एउटा पहाडी गाउँमा घटित भएको हो भन्ने देखाउँछन् (ढकाल, २०७५) । यस कथामा पात्रको परिचयदेखि समय, स्थान तथा घटनाहरू एक अर्कामा घुलमिल भएर आएका छन् । पात्रको परिचय, घटनाको परिचय सँगसँगै समय र स्थान तथा परिवेशको परिचय पनि एकै साथ आएका छन् ।

**परालको आगो** कथाको आरम्भदेखि तेस्रो विश्रामसम्मको भागलाई अभिमुखीकरण खण्ड मान्न सकिन्छ । यस कथाको चौथो विश्राममा चामेको मनस्थितिमा परिवर्तन आउन थाल्छ । यस अवस्थादेखि प्रस्तुत कथाको कथानक जटिल घटना वा कार्यमा प्रवेश गर्दछ । प्रारम्भिक खण्डमा चामेको घर, खेत, गोरु, भैँसी, गोठ, कोकलेको बारी आदि स्थानहरू अभिमुखीकरण निर्माणका निम्ति स्थानका रूपमा आएका छन् । त्यसै गरी खेती किसानी, बिहे, मारुनी पहिरन, चामे तथा गौथलीको पहिरन, जुठे र उसकी स्वास्नीको मिलाप आदि सांस्कृतिक पक्षहरू पनि परालको आगो कथाको अभिमुखीकरण निर्माणका निम्ति आएका हुन् । हलो जोतीआएको समय, साँझ, बिहानजस्ता समयबोधक प्रसङ्गहरूले पनि यस कथाको अभिमुखीकरणलाई सहयोग पुऱ्याएका छन् ।

प्रस्तुत कथाको अभिमुखीकरण निर्माणका लागि थुप्रै स-साना घटनाहरूमा चामेकी स्वास्नी मुखाले हुनु, घरको काम छोडेर बिहे हेर्न जानु, चामे थाकेर आउनु, गौथलीलाई पिट्नु, गौथली माइत जानु, चामेलाई घरधन्दा गर्न धौधौ पर्नु, भैँसीले दुध थोरै दिनु, चामेले भैँसी पिट्नु, भैँसी भागेर कोकलेको मकैबारीका पस्नु, कोकलेले चामेलाई पिट्नु, जुठे र उसकी स्वास्नीले चामेलाई सम्झाउनु, चामेको मन क्रमशः फेरिदै जानुजस्ता घटनाहरू आएका छन् ।

माथि उल्लिखित घटनाहरूले प्रस्तुत कथामा जटिल कार्य निर्माणका लागि पृष्ठभूमिको कार्य गरेका छन् । लोग्ने स्वास्नीको झगडालाई परालको आगोका रूपमा देखाउन प्रारम्भमा झगडाको अवस्था देखाइएको हो । त्यही झगडा, त्यसको पृष्ठभूमि आदिलाई क्रमैसँग प्रस्तुत गरिएको छ । गौथलीको मुखाले स्वभावलाई प्रारम्भमा देखाइएको छ । गौथलीलाई मुखाले नदेखाइएको भए चामे र गौथलीको झगडा देखाउन मिल्दैनथ्यो । चामे र गौथलीको झगडा नभएर गौथली माइत नगएकी भए यो कथालाई पनि लोग्ने स्वास्नीको झगडा परालको आगोजस्तो हुन्छ भनेर देखाउन मिल्दैनथ्यो । त्यसै गरी गौथलीले घर छोडेर माइत गएपछि चामेका दुखदायी दिन देखाइएको छ । चामेलाई गौथली चाहिएको छ भन्ने देखाउन यी दुखदायी दिनहरू देखाइएको हो । चामेलाई स्वास्नीको अभाव देखाउनका लागि भैँसीले दुध नदिएको, लात्तले हानेर गोबरमा लडाइदिएको, भैँसी भागेर कोकलेको मकै बारीमा पसेको, कोकलेले चामेका गाला चड्काएको जस्ता घटनाहरू प्रस्तुत गरिएको छ । गौथली नभई चामे बस्न सक्दैन भन्ने देखाउन यी सम्पूर्ण घटनाहरू अभिमुखीकरणका रूपमा आएका हुन् ।

**जटिल कार्य**

**परालको आगो** कथाको जटिलतर कार्य चौथो विश्रामबाट आरम्भ हुन्छ । यस कथाको अभिमुखीकरणमा चामेलाई एक्लोपनको महसुस भएपछि उसले गौथलीलाई लिन जाने विचार गरेको छ । उसको यो विचार तथा गौथलीबिनाको एक्लोपनले कथालाई मूल घटनामा प्रवेश गराउँछ । चामेको यस अवस्थादेखि “खेती कमाइको बेला छ, ससुरा ! छोरी पठाइदिनुपऱ्यो ।” भनेको अवस्थासम्मका घटनाहरू यस कथाको जटिल घटनामा पर्छन् । यस कथाको मूल घटना पनि यही नै हो । यस खण्डमा प्रस्तुत घटना, द्वन्द्व, आरोह-अवरोह आदिले लोग्ने स्वास्नीको झगडा परालको आगो सरह हुन्छ भनेर देखाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

*जुठेका लोग्ने स्वास्नीको त्यस्तो माया पिर्ती छ । दुःख सुखका कुरा गरेर सँगै हिँड्छन् । आफ्नी स्वास्नी चाहिं झगडा गरेर माइत हिँड्छे । बिहा भएको यतिका दिन भैसक्यो, कहिल्यै राम्रा मुखले बोलेको थाहा छैन । फेरि, एउटा भएको भैँसी पनि नजिक पर्न दिँदैन । आफू त माइत गै गै, भैँसीलाई पनि एकहाते पारेर गै । यस भैँसीले गर्दा गालामा कोकलेको लबटो पऱ्यो । .... विचार गऱ्यो - मुखाले भए पनि सारै जाँगरिली थी । मन लाएर एक भारी घाँस ल्याई भने भैँसी टम्म अघाउँथ्यो । बिहान बेलुका एक गाँस पकाएर खान दिन्थी । ऊ गएदेखि तीन-चार दिन भात*

*खाएँ हुँला, नत्र भने खाली भुटेका मकैका भरमा छु । ऊ हुन्जेल भैंसीले ट्याम-ट्याममा दूध दिन्थ्यो । आफै दुहुन्थी । ऊ गएदेखि बिच्केको बिच्क्यै भो । सबैजना डाकेर ले भन्छन् । जुठे दाइकी स्वास्नी पनि त त्यसै भन्थिन् । आए आउली, नआए नआउली, एक पटक लिन जानै पर्‍यो ।*

प्रस्तुत कथाको चौथो र पाँचौँ  विश्राममा उल्लिखित कथनले चामेको मनस्थितिमा परिवर्तन आएको देखिन्छ । अघिसम्म गौंथलीको नाम सुन्न नचाहने चामेलाई यस्तो परिस्थितिले बाँधेर ल्यायो जसले ऊ गौंथलीलाई लिन जाने अवस्थामा पुग्यो । यसभन्दा अगाडि आएका सम्पूर्ण घटनाहरूले चामेलाई परिवर्तित गराएका छन् । अभिमुखीकरणका घटनाहरू समाख्याताले चामेका मनस्थितिमा परिवर्तन आएको देखाउनलाई प्रस्तुत गरेको हो । चामेको मनस्थितिमा परिवर्तन ल्याउनु मात्र समस्याको समाधान होइन तर यो अवस्थाले लोग्ने स्वास्नीको झगडालाई परालको आगोमा रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस कथामा चामेका मनका अन्तरद्वन्द्व प्रशस्त मात्रामा पाइन्छ । चामेले गौंथली माइत गएर गरेको गल्ती तथा गौंथलीको अनुपस्थितिमा उसले भोग्नु परेका सम्पूर्ण पीडाहरूलाई महसुस गर्छ । गौंथलीका अवगुणहरू थोरै र गुणहरू धेरै भएको महसुस गर्न थाल्छ । यी सबै अन्तरक्रिया चामेका नितान्त अन्तरमनका अनुभवहरू मात्र    हुन् । यी नै आन्तरिक द्वन्द्वको परिणाम स्वरूप चामे एउटा निष्कर्षमा पुग्छ र गौंथलीलाई लिन जाने अठोट गर्छ । चामेको सोचाइमा पनि आरोह-अवरोह आउँछ । ऊ गौंथलीलाई लिन जाने विचार गरी कपडा लगाउँदा पनि गौंथलीले ढङ्ग नपुऱ्याएको प्रति गन्थन गर्छ । तथापि उसले गौंथलीलाई लिन जाने निर्णय गरिसकेको हुनाले निर्णयबाट विमुख भने हुँदैन । यस कथाको समाख्याताले पनि चामेलाई निर्णयबाट विमुख गराउन चाहेको छैन । यदि चामेलाई यो निर्णयबाट पछाडि फर्काइयो भने यस कथाको उद्देश्यमा पुग्न सकिँदैन । त्यसैले गौंथलीका सामान्य कमजोरीहरू मात्र स्मरण गरेर चामे ससुरालीतिर लाग्छ । 'परालको आगो' कथाका जोई पोइ सम्झौतावादी छन् । पहिले सानो कुरामा बाझ्छन् र केही दिनपछि फेरि मिल्छन्  (जोशी, २०२५) ।

*एकछिन चौतारामा थकाइ मारेर चामे बिस्तारै उकालो लाग्यो । चिलाउनेका बोटनेर पुगेर चामेका गोडा अलि गह्रौं भए । सासू ससुराले केही भन्छन् कि भनेर कुस्तुर थियो । बिस्तार-बिस्तार तगारोनेर पुग्यो । सासू जुठ्यानमा बसेर ताप्के मस्काउन लागेकी रहिछ । ससुरो पिढीमा बसेर तमाखु खान लागेको थियो । सासूलाई देखेर चामेले हात जोरेर ढोगिदियो ।*

प्रस्तुत कथनमा चामेका मनमा भएका शङ्का, आशङ्का तथा अब के हुने हो भन्ने स्थिति देखाइएको छ । यस ठाउँमा कथामा अन्योलता आएको छ । चामे अत्यन्त चिन्तामा छ, सासू ससुराले केही भन्ने हुन् कि भन्ने उसलाई लाग्छ । शङ्का, डर, अन्योलता आदि भए पनि गौंथलीलाई लिएर जाने प्रबल इच्छा भएकाले ऊ पछाडि हट्न सक्दैन । यहाँको अन्योलता देखेर समाख्याताले चामेलाई भगाउँदैन । किनभने चामेलाई भाग्ने होइन, अझ आकर्षण गर्ने स्थितिको सिर्जना गर्नुपर्छ तब मात्र यस कथाले देखाउन खोजेको उद्देश्य भेट्न सकिन्छ । चामेसँग रिसाएका सासू, ससुराले चामेको सामान्य स्वागत सत्कार गर्छन् र उसलाई पिढीमा ओछ्यान लगाइदिन्छन् ।

घर गृहस्थीको अप्ठेरो देखाई गौंथलीलाई लिन गएको चामे ससुरालीमा पुगेर गौंथलीलाई देखेपछि घर गृहस्थीको आवश्यकताभन्दा जैविक आवश्यकताका दृष्टिले गौंथलीलाई देख्छ । चामेमा यौनजन्य आवश्यकता देखाई समाख्याताले चामे र गौंथलीको मिलन गराउने मजबुत आधार प्रस्तुत गरेको छ । त्यसै गरी उसलाई हर दृष्टिले स्वास्नी(गौंथली) को आवश्यकता छ भन्ने पनि देखाउन खोजेको छ । चामेमा यसरी आएको परिवर्तन यस कथालाई लोग्ने स्वास्नीको झगडा परालको आगोसरह हुन्छ भन्ने देखाउने आधार पनि हो ।

*साँझ परेपछि गौंथलीले आएर चामेका गोडामा ढोगिदी । चामे गद्‌गद् भो । आज उसको हृदयमा गौंथलीलाई समातेर हजारचोटि चुम्बन गरूँ भनेजस्तो लाग्यो । समाउनलाई हात लम्काएको थियो ; गौंथली हात पन्छाएर घरभित्र*

*पसी । .... चामेका मनमा कुरा खेल्न लागे । हरे ! त्यो दिन बिचरी गौंथलीलाई किन कुटें हुँला ? स्वास्नी मानिसहरू बिहा हेर्न भनेपछि हुरुक्क हुन्छन् । उसमा पनि चढ्दो उमेर, एकछिन बिहा हेर्न गै त ! एकछिन यसो गाउँघरमा रमिता हेर्न गएको पनि खप्न नसक्ने छुसीले के स्वास्नी सुमर्नु ? भात पकाउन अलिकता ढिलो गरी भनेर स्वास्नी कुट्नुभन्दा अधम काम अर्को के होला ? अनि मुखाले भएकी पनि कुटेरै हो ! अब घर गै भने कहिल्यै कुट्ने छैन ! जुठे दाइका भन्दा बढ्ता कदर गरेर राखिनँ भने भन्नू (पृ. ५०) !*

उल्लिखित कथन **परालको आगो** कथाको जटिल कार्यले उच्चता प्राप्त गरेको अवस्थाको  हो । यहाँ आइपुगेपछि चामे गौंथलीलाई औंधी माया गर्न थाल्छ । गौंथलीलाई लिन जाने अवस्थासम्म चामेले उसलाई गृहिणीका रूपमा मात्र हेरेको थियो । घरको कामधन्दा बिग्रिएको तथा आफूले पनि समयमा खान नपाएको समस्या देखाएर चामे गौंथलीलाई लिन गएको थियो । तर ससुराल आइपुगेर गौंथलीलाई भेटेपछि गौंथलीलाई लानैपर्ने अर्को कारण पनि उसले देखेको छ र त्यो कारण यौनका रूपमा रहेको छ ।  प्रारम्भमा घरधन्दा बिग्रिएको मात्र ठानेको चामेले अहिले आएर यौन सुखको पनि अभाव देखेको छ । त्यसैले उसका गौंथलीप्रतिका पुराना विचारहरू परिवर्तन भएका छन् । चामे गौंथलीलाई पिटेकोमा पछुतो गर्न थाल्छ, गौंथलीसँग झगडा हुनुमा आफ्नै गल्ती देख्छ र अब उप्रान्त यस्तो गल्ती नदोहोऱ्याउने बाचा पनि गर्छ । चामे आफ्नो निर्णयमा पूर्ण प्रतिबद्ध भइसकेपछि खेती किसानीको निहुँ पारी गौंथलीलाई पठाइदिनुपऱ्यो भनी ससुरासँग भन्छ । ससुराले सहज ढङ्गले आफ्नी स्वास्नी राजी गराऊ, लैजाऊ भनेपछि चामे निश्चिन्त हुन्छ साथै प्रस्तुत कथा पनि समाधानको बाटोतिर लाग्छ । यही अवस्थामा पुगेर प्रस्तुत कथाको जटिल कार्य सम्पन्न हुन्छ । यस अवस्थामा अब कथाले समापनको बाटो अपनायो भन्ने स्पष्ट हुने अवस्था पाठकमा आइपुग्छ ।

**परिणाम र निष्कर्ष**

**परालको आगो** कथाको छैटौं विश्रामको तेस्रो अनुच्छेद देखिको अंश परिणाम र निष्कर्षको खण्ड हो । यस खण्डमा प्रस्तुत कथाको सारकथनले उठान गरेको विषयसम्म पुग्नका लागि अभिमुखीकरण तथा जटिल कार्यले महत्त्वपूर्ण भूमिका खेलेका छन् । लोग्ने स्वास्नीको झगडालाई परालको आगोका रूपमा देखाउन चामे र गौथली दुईजना पात्रलाई लिइएको छ । चामेले गौंथलीलाई लिएर आउने निश्चित भएपछि यस कथाको जटिल कार्य पूरा हुन्छ । जटिल कार्यको समापनपछि त्यसको परिणाम के आयो भन्ने कुराको व्याख्या यस खण्डमा गरिएको छ ।

अगाडिदेखिका घटनाहरूले चामेलाई आत्मविश्वासी बनाएका छन् । उसले गौंथलीलाई घर जानका निम्ति अनुरोध गर्छ । गौंथली पनि सामान्य आनाकानी गरेजस्तो गरी घर जान तयार हुन्छे । यस अवस्थामा चामे अब कहिले पनि गौंथलीलाई नपिट्ने बाचा गर्छ । चामेले गौंथलीलाई लिएर फर्किन्छ । घर फर्किंदा उनीहरू बीच रमाइला गफ सुरु हुन्छन् ।

*पोको काखी च्यापेर गौंथली अघि-अघि लागी ; चामे हातमा ठेकी झुण्ड्याएर पछिपछि लाग्यो । बाटामा चामे र गौंथली कुरा गर्न लागे -"आजकल भैंसीले दूध कति दिन्छ नि ?"*

*"बिहान-बेलुका गरेर एक पाथी ।"*
*गौंथलीले चामेपट्टि फर्केर ओठ लेप्र्याई ।*

उल्लिखित चामे र गौंथलीको संवाद यस कथाको परिणाम खण्डमा आएको छ । चामे र गौंथलीबीच रमाइलो संवाद गराएर कथाकारले यो कथा पूर्णरूपमा समापनतिर लागेको जानकारी दिन्छन् । यस कथनसँगै कथाको आरम्भदेखि देखापरेको समस्याले पनि समाधान पाउँछ । यहाँ उप्रान्त चामे र गौंथलीमा यस विषयमा लिएर अब कुनै किसिमको मनमुटाव रहँदैन भन्ने कुराको पनि सङ्केत प्रस्तुत कथनबाट प्राप्त हुन्छ । यसरी प्रस्तुत कथामा

सारकथनअनुरूपको परिणाम निकालेर लोग्ने-स्वास्नीको झगडा परालको आगोजस्तै हुन्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

**समापन**

प्रस्तुत कथाको समापन यस कथामा प्रयुक्त दुई नारी पात्र गौंथली र जुठेकी स्वास्नी बीचको संवादका माध्यमबाट गरिएको छ । यो क्रममा जुठेकी स्वास्नीले भनेकी छ -*"उस, चाटाचाट गर्न पनि त बेर लाग्दो रहेनछ नि, लोग्ने स्वास्नीको झगडा परालको आगो !"* (पृ.५१) । यस कथाको सारकथन पनि यही वाक्यले बोकेको छ । नेपाली समाजमा प्रचलित लोक आहान लोग्ने स्वास्नीको झगडा परालको आगोलाई आधार बनाएर तयार पारिएको यो कथा त्यही आहानमा पुगेर समाप्त भएको छ । अहिलेको समाजमा लोग्ने स्वास्नीका सबै झगडा परालको आगोमा परिणत हुँदैनन् । तर त्यतिखेरको समाज र यस कथाको प्रयोजनअनुरूप लोग्ने स्वास्नीको झगडालाई परालको आगो देखाउनु थियो त्यसैले यो कथालाई यही बिन्दुमा पुऱ्याएर समाप्त गरिएको हो ।

प्रस्तुत कथाको समापनमा समापक क्रियाको प्रयोग गरिएको छैन । यसो गरिए पनि पूर्व प्रसङ्गमा पाठकहरू परिचित भएकाले तथा नेपाली लोक आहानसँग परिचित भएकाले पनि उनीहरू लोग्ने स्वास्नीको झगडा परालको आगो सरह हुन्छ भन्ने अर्थमा नै बुझ्छन् । समाख्याताले पाठकका लागि यति ठाउँ राखिदिएको हो । यस समापनले प्रस्तुत कथालाई सुरुको अवस्थामा पुऱ्याएको छ । यस कथाको सुरुको अवस्थामा चामे र गौंथली लोग्ने स्वास्नीका रूपमा रहेर जीविकोपार्जन गरिरहेका थिए । बीचमा उनीहरूबीच विभिन्न तिक्ततापूर्ण अवस्था आए पनि फेरि उनीहरू मिलेर बसे । त्यसैले यो कथा फेरि पहिलेकै अवस्थामा पुग्यो । यसरी **परालको आगो** कथाको समापन पाठकहरूलाई सामान्य ठाउँ दिँदै कथाको प्रारम्भ भएको अवस्थामा पुऱ्याएर टुङ्ग्याइएको छ । यसमा अन्य आधुनिक कथाहरूमा जस्तो प्रतीकात्मक समापन भने गरिएको छैन ।

**मूल्याङ्कन**

**परालको आगो** कथाले नेपाली लोक समाजमा विद्यमान लोग्ने स्वास्नीको झगडा परालको आगोजस्तै हुन्छ भन्ने लोक आहानलाई पुष्टि गर्दछ । गुरुप्रसाद मैनालीले यो कथा नेपाली समाज शिक्षा दीक्षा प्राप्त गरी आधुनिकतामा प्रवेश गर्न थालेको बेलामा लेखेका हुन् । यस बेलामा नेपाली समाज शहरी जीवनप्रति पनि आकर्षित हुँदै थियो भने विदेशी संस्कृतिको प्रभाव नेपाली समाजमा क्रमशः प्रवेश गर्दै थियो । यसले नेपाली समाजमा रहेको पतिपत्नी बीचको सम्बन्धलाई गम्भीर प्रभाव पार्न सक्थ्यो । त्यस समयका पढेलेखेका विद्वान्मा गुरुप्रसाद मैनाली पर्दछन् । विद्वान्हरूको कर्तव्य आफ्नो समाजलाई सही बाटो देखाउनु पनि हो । त्यसमा पनि गुरुप्रसाद मैनाली आफ्नो समाजमा विद्यमान आदर्शहरूलाई स्थापित गराउनुपर्छ भन्ने मान्यता राखी साहित्य सिर्जना गर्ने व्यक्ति हुन् । त्यही सांस्कृतिक आदर्शलाई स्थापित गराउन उनले **परालको आगो** कथा लेखेका हुन् ।

लोग्ने स्वास्नीको झगडालाई परालको आगो देखाउनका लागि अन्य किसिमको कथानकको प्रयोग पनि गर्न सकिन्थ्यो । यस विषयको कथालाई शहरी क्षेत्रका र पठित पात्रहरूको उपस्थित गराइएको भए लोग्ने स्वास्नीको झगडालाई परालको आगोजस्तो बनाउन सकिन्नथ्यो । पठित र शिक्षित भनिएकाहरूमा सम्बन्ध विच्छेद, पुनः विवाहजस्ता आयातित संस्कारहरूले आकर्षण गर्दै थियो । त्यसैले कथाकारले यहाँ अपठित ग्रामीण दम्पतीलाई उपस्थित गराएका हुन् । त्यस बेलाको समाजमा स्वास्नी कुट्नुलाई सामान्य मानिन्थ्यो, अपठितहरू स्वास्नी कुटेर पुरुषार्थ देखाउँथे । लोग्ने स्वास्नीका बीच झगडाको स्थिति ल्याई पुनः मिलन गराएको खण्डमा मात्र लोग्ने स्वास्नीको झगडा परालको आगो सावित हुन्थ्यो । त्यसैले पनि कथाकारले यस किसिमका पात्र र घटना ल्याई कथानकको प्रारूप तयार पारेका हुन् ।

**परालको आगो** कथाको समाख्याता तेस्रो पुरुषको छ । तेस्रो पुरुषको समाख्याता भएकाले नै ऊ सर्वदर्शी पनि छ । सर्वदर्शी समाख्याताले घटनाहरूको व्याख्या स्पष्टसँग गर्न सक्छ । यस कथामा समाख्याता प्रथम पुरुष वा अन्य

भएको भए घटनाको वर्णन यति सहज र स्पष्टसँग गर्न सक्दैनथ्यो । यस कथाको संवादको चयनमा पनि समाख्याताले विशेष ध्यान पुऱ्याएको छ । यसमा संवादमा वक्ताको नाम नलिईकन आलोपालोको क्रममा संवाद राखिएको हुनाले पाठकहरू प्रसङ्ग अनुरूप कसले बोलेको हो भनी छुट्ट्याउँछन् । यस्तो किसिमको संवाद प्रयोग गर्नु गुरुप्रसाद मैनालीको कथागत विशेषता पनि हो । ग्रामीण परिवेशमा सिर्जना गरिएको हुनाले प्रस्तुत कथामा ग्राम क्षेत्रमा प्रचलित शब्दहरूको प्रयोग भएको छ । कथाको सारकथन तथा घटनाहरूको प्रकृतिले गर्दा यस्तो किसिमको प्रयोग गरिएको हो ।

प्रस्तुत कथामा वाक्यहरू विषयवस्तुलाई निरन्तरता दिने किसिमका मात्र रहेका छन् । यसमा प्रयोग गरिएको पर्यावरणको चित्रण पनि कथानकको परिपुष्टि गर्ने तथा कथानकमा आउने परप्रसङ्गको सङ्केत गर्ने किसिमका छन् । अनावश्यक किसिमका वा कथानक इतरका कुनै पनि वाक्यहरूको प्रयोग नभएकाले प्रस्तुत कथाका वाक्यहरू आत्मनिर्भर रहेका छन् । यी आत्मनिर्भर वाक्यहरूले विषयवस्तु अनुरूपको कथानक निर्माणका लागि सहयोग गरेका छन् ।

प्रस्तुत कथा ग्रामीण परिवेशमा लेखिएको हुनाले यसमा प्रयुक्त भाषिक संरचना पनि ग्राम परिवेश अनुकूलको रहेको छ । यसमा छोटाछोटा ग्राम परिवेशानुकूलका वाक्य र ग्राम बोलिचालीका शब्दहरूको प्रयोग गरिएको छ । यस्ता सरल र परिवेश अनुकूलका शब्द र वाक्यहरूको प्रयोगले प्रस्तुत कथालाई बोधगम्य बनाएका छन् । यही कारणले प्रस्तुत कथा सबै किसिमका पाठकहरूका लागि बोद्य बनेको छ ।

**निष्कर्ष**

गुरुप्रसाद मैनालीको 'परालको आगो' लोग्ने स्वास्नीको झगडालाई विषय बनाई लेखिएको कथा हो । यो कथाको आदिदेखि अन्त्यसम्मका घटनाहरू एकअर्कामा अनुक्रम मिलेर रहेका छन् । यस किसिमको अनुक्रम मिलेकै हुनाले प्रस्तुत कथा सबै किसिमका पाठकहरूका लागि बोद्य बनेको छ । यस कथामा आख्यानसंरचनाका संरचक घटकहरू एक अर्कामा मिलेर बसेका छन् । यी घटकहरू एकअर्कासँग छुट्टिएर नबसी एउटै मालामा उनिएर बसेजस्ता छन् । यस कथाको सारकथन लोग्ने स्वास्नीको झगडा परालको आगोजस्तो हुन्छ भन्ने देखाउनु रहेको छ । यही सारकथनलाई पूरा गर्न प्रस्तुत कथामा चामे र गौँथली अनि नेपाली समाजको आर्थिक, राजनैतिक परिवेशहरूको सिर्जना गरिएको छ । यस कथाको अभिमुखीकरणमा आएका घटना, समय, स्थान तथा पात्रको परिचयहरूले यस कथाका परप्रसङ्गलाई प्रभावित बनाएका छन् । **परालको आगो** कथाको मुख्य पात्र चामेलाई जब गौँथलीबिनाको संसार एक्लो र उसका सत्गुणहरूको स्मरण हुन थाल्छ तब यस कथामा जटिल कार्यको आरम्भ हुन थाल्छ । यस कथाको मूल विषय पनि लोग्ने स्वास्नीको झगडालाई परालको आगोजस्तो देखाउनु भएको र सो कार्य पूरा गर्न चामेको यही क्रियाकलाप आरम्भ बिन्दु भएकाले यसै बिन्दुलाई जटिल कार्यको आरम्भ बिन्दु मानिन्छ । जटिल कार्यमा कुशलतापूर्वक प्रस्तुत गरी त्यसको परिणाम र निष्कर्षका रूपमा लोग्ने स्वास्नीको झगडा परालको आगो सरह हुन्छ भन्ने निकालिएको छ । यस कथाको समापनमा सारकथनलाई प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । गुरुप्रसाद मैनालीले चामे र गौँथली सहभागी भएको जुन कथानक तयार पारेका छन्, त्यो कथानक र कथानकअनुरूप चयन गरिएको समय र स्थानले लोग्ने स्वास्नीको झगडा परालको आगो सरह हुन्छ भन्ने कुरा पुष्टि गर्न सक्छन् । आख्यानसंरचनाका यी सम्पूर्ण पक्षहरूको अनुक्रम मिलेकै कारणले प्रस्तुत कथा सबै किसिमका पाठकहरूका लागि बोद्य बनेको छ । यसरी गुरुप्रसाद मैनालीको 'परालको आगो' कथा आख्यानसंरचनाका संरचक घटकहरूको उचित संयोजन भएका कारणले उत्कृष्ट कथा बन्न गएको छ । गुरुप्रसाद मैनालीद्वारा लिखित प्रस्तुत **परालको आगो** कथा आख्यान विश्लेषणका विभिन्न पद्धतिहरूद्वारा व्याख्या विश्लेषण गर्न सकिन्छ । यस कथालाई अन्य पद्धतिबाट विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका आधारमा विश्लेषण गरिएको छ । यीबाहेक अन्य अन्य किसिमका कुनै पनि विधि/पद्धतिबाट उनको **परालको आगो** कथालाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । **परालको आगो** कथाको आख्यानसंरचनाको विश्लेषण गरिएको प्रस्तुत अध्ययन आख्यानसंरचनाका आधारमा कथाहरूलाई बुझ्न चाहने पाठक तथा आख्यानसंरचनाका आधारमा विश्लेषण गर्न चाहने समालोचकहरूका

लागि उपयोगी सामग्री रहेको छ । यस आधारबाट विश्लेषण गरी कुनै पनि आख्यान किन स्तरीय र निम्न स्तरको छ ? भन्ने कुराको पहिचान गर्न पनि सहज हुन्छ ।

**सन्दर्भ सामग्री**


जोशी, रत्नध्वज, (२०२५), *नेपाली कथाको कथा,* काठमाडौं : साझा प्रकाशन ।

ढकाल, चन्द्रप्रसाद, (२०७५), 'गुरुप्रसाद मैनालीका परालको आगो र नासो कथा', *वाङ्मय संहिता,* १/१, पृ. १५७ ।

त्रिपाठी, वासुदेव (२०३०), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग -२,* ते. सं.(२०४९), काठमाडौं : साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०२०), *नासो,* सत्रौं सं.(२०६२), काठमाडौं : माधवप्रसाद मैनाली ।

ल्याबोभ, विलियम, *ल्याङ्ग्वेज इन द इनर सिटी,* (ई. १९७२), अमेरिका : युनिभर्सिटी अफ पेनिसयल्भिना ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०५७), *नेपाली कथा भाग-४,* सम्पा.दो.सं.(२०६०), ललितपुर : साझा प्रकाशन ।